राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २०९ २०८२ फागुन १९ गते मंगलवार (3 March. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## आज अन्तरगृह परिक्रममा, बुधवार होली

दैनिक समाचारदाता

जनकपुरधाम, १८ फागुन । मिथिलाको ऐतिहासिक तथा धार्मिक महत्व बोकेको १५ दिने मिथिला माध्यमिक परिक्रमा सम्पन्न गर्दै परिक्रमा यात्रुहरू सोमबार बिहानदेखि जनकपुरधाम आइपुग्न थालेका छन् । विभिन्न तीर्थस्थलको भ्रमण पूरा गरी अन्तरगृह परिक्रमा गर्न तथा विश्रामका लागि श्रद्धालुहरू जनकपुरधाम केन्द्रित भएका हुन् । परिक्रममा यात्रुहरु मंगलवार अन्तरगह परिक्रमा गरेर घरफर्की बुधवार होली पर्व मनाउने छन् ।



माध्यमिक परिक्रमा मिथिला संस्कृतिको एक महत्वपूर्ण धार्मिक परम्परा मानिन्छ । प्रत्येक वर्ष फागुन महिनामा हजारौं श्रद्धालुहरू सहभागी भई निर्धारित तीर्थस्थलहरूको पैदल यात्रा गर्छन् । धार्मिक आस्था, सांस्कृतिक एकता र सामाजिक सद्भावको प्रतीकका रूपमा यस परम्परालाई लिने गरिन्छ ।

परम्पराअनुसार परिक्रमा यात्रुहरूले मंगलबार जनकपुरधामको अन्तरगृह परिक्रमा सम्पन्न गर्नेछन् । अन्तरगृह परिक्रमा सम्पन्न गरेपछि श्रद्धालुहरू जनकपुरधाममा होलिका दहन अवलोकन गरी आ(आफ्ना घर फर्केर होली पर्व मनाउने चलन रहँदै आएको छ । यसरी धार्मिक अनुष्ठान र सांस्कृतिक पर्वबीचको सम्बन्धले मिथिलाको मौलिक परम्परालाई थप जीवन्त बनाउँदै आएको छ ।

परिक्रमा यात्रुहरू जनकपुरधामका विभिन्न स्थानमा विश्राम गरेका छन् । गंगासागर, रंगभूमि मैदान, तिरहुतिया गाछी, राम मन्दिर तथा जानकी मन्दिर वरिपरि श्रद्धालुहरूको उल्लेख्य उपस्थिति देखिएको छ। ती क्षेत्रहरूमा अस्थायी शिविर, साधु(सन्तको बसोबास तथा भजन(कीर्तनको वातावरणले धार्मिक माहोल झन् सजीव बनेको छ।

स्थानीय प्रशासन तथा सरोकारवाला निकायले परिक्रमा यात्रुको सुविधाका लागि खानेपानी, सरसफाइ, स्वास्थ्य सहायता र सुरक्षा व्यवस्थामा विशेष ध्यान दिएका छन् । स्वयंसेवक तथा स्थानीय संघ(संस्थाहरू पनि यात्रुहरूको सेवामा खटिएका छन्। मिथिला माध्यमिक परिक्रमा केवल धार्मिक अनुष्ठान मात्र नभई मिथिलावासीको सांस्कृतिक पहिचान र सामूहिक एकताको प्रतीकका रूपमा स्थापित छ । अन्तरगृह परिक्रमा सम्पन्न भएसँगै जनकपुरधाममा होली पर्वको उल्लास थप बढ्ने अपेक्षा गरिएको छ ।

## मतदान स्थलतर्फ खटिए कर्मचारी, अधिकांश मतदान स्थल अतिसंवेदनशील

वीरेन्द्र कर्ण

जनकपुरधाम, १८ फागुन । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मधेश प्रदेशका जिल्लाहरूमा तयारी अन्तिम चरणमा पुगेको छ। मतदान प्रक्रियालाई व्यवस्थित, निष्पक्ष र शान्तिपूर्ण बनाउन तालिम सम्पन्न गरेका निर्वाचन कर्मचारीहरू आवश्यक सामग्री बुझेर तोकिएका मतदानस्थलतर्फ प्रस्थान गर्न थालेका छन्।

निर्वाचन आयोग नेपाल का अनुसार जिल्लामा खटिएका मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा सहयोगी कर्मचारीहरूले मतपेटिका, गोप्य मतदान कक्ष, छाप, मतदाता नामावलीलगायत अत्यावश्यक सामग्री बुझेर आ(आफ्ना केन्द्रतर्फ गएका छन्।निर्वाचन कार्यालयका अनुसार मधेश प्रदेशमा २ हजार १६० मतदान स्थलमध्ये १ हजार ४४६ स्थल अतिसंवेदनशील श्रेणीमा परेका छन्। भारतीय सीमासँग जोडिएका प्रदेशका अधिकांश जिल्लाका मतदान स्थललाई सुरक्षा दृष्टिले संवेदनशील मानिएको छ।



प्रदेशमा प्रतिनिधिसभाका ३२ निर्वाचन क्षेत्र रहेका छन्। ती क्षेत्रमा १ हजार २४६ मतदान स्थल अतिसंवेदनशील, ७५५ संवेदनशील र १५९ सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ। मधेश प्रदेशभर ४ हजार ४७१ मतदान केन्द्र कायम गरिएको छ। निर्वाचनमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवार गरी १ हजार २८ जना प्रतिस्पर्धामा छन्। प्रदेशमा कुल ३५ लाख १७ हजार १२३ मतदाता रहेका छन्। तीमध्ये १९ लाख ५ हजार ८१९ पुरुष र १६ लाख ११ हजार ३०४ महिला मतदाता रहेका छन्।

यसैगरी धनुषा जिल्लामा चार निर्वाचन क्षेत्र रहेका छन्। जिल्लामा ३२२ मतदान स्थल र ६४५ मतदान केन्द्र तोकिएका छन्। यहाँ १५४ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। धनुषाका १९४ मतदान स्थल अतिसंवेदनशील रहेको निर्वाचन कार्यालयले जनाएको छ। निर्वाचनका लागि जिल्लामा ३ हजार ८७५ कर्मचारी तथा ४ हजार ५ सय नेपाल प्रहरी परिचालन गरिएको छ। निर्वाचनको दिन मतदातालाई घरदेखि मतदान स्थलसम्म सुरक्षित रूपमा पुग्ने व्यवस्था मिलाइएको स्थानीय प्रहरी प्रमुखले जानकारी दिएका छन्। मतदान स्थलमा खटिने कर्मचारीहरूले आवश्यक सामग्री बुझेर केन्द्रतर्फ जाने क्रम जारी रहेको छ।

## राति १२ बजेदेखि निर्वाचन प्रचारप्रसार निषेध

काठमाडौँ, १८ फागुन । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रचारप्रसार आज राति १२ बजेदेखि राजनीतिक दलले गर्न नपाउने निर्वाचन आयोगले जनाएको छ ।

मतदान हुने दिनको अघिल्लो ४८ घण्टा अघिदेखि मतदानको दिन मतदान सम्पन्न भई मतदान केन्द्र बन्द नहुन्जेलसम्म आयोगबाट प्रचारप्रसार निषेध अवधि तोकिएकाले आज राति १२ बजेपछि निर्वाचनका प्रचारप्रसार गरी मत माग्न नपाइने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । प्रचारप्रसार निषेध अवधिमा उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विशेष आचरण निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख छ ।

यही फागुन ४ गतेदेखि राजनीतिक दलले निर्वाचनका लागि प्रचारप्रसार गरी मत माग्दै आएका थिए । यो क्रम आज राति १२ बजेसम्म जारी हुन्छ । त्यसपछि मतदाताले आफ्नो विवेकको निर्णय आफ्नै अन्तरआत्माले स्वतन्त्रतापूर्वक गर्ने अवसरका निम्ति शान्ति वा निषेध अवधि अनिवार्य हुने र यसले स्वच्छ प्रतिस्पर्धालाई प्रवर्धन गर्न मद्दत पुऱ्याउने विश्वास गरिएको छ ।

दलले प्रचारप्रसार गर्ने अन्तिम दिन आज हिमाली र पहाडी जिल्लामा फागु पूर्णिमा पर्व परेकाले पर्वसँगै निर्वाचन प्रचारप्रसार भइरहेको छ । निर्वाचनमा भाग लिएका दल र उम्मेदवार आज प्रचारप्रसारमा छन् । राति १२ बजेदेखि सुरु हुने प्रचारप्रसार निषेध अवधिमा कुनै प्रचारप्रसार गरी मत माग्न पाइँदैन । यस अवधिमा राजनीतिक विज्ञापन, सामाजिक सञ्जालमा प्रचारप्रसार, कुनै किसिमको सन्देश सम्प्रेषणलगायत निर्वाचन प्रचारसँग सम्बन्धित कार्य गर्न निषेध गरिएको छ । मतदान हुने दिनको ४८ घण्टाअघि अर्थात् आज राति १२ बजे मतदान स्थलको ३०० मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनुपर्ने व्यवस्था पनि गरिएको छ ।


यसैगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै पनि विद्युतीय माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसार सामग्री पोस्ट वा शेयर गर्न वा गराउन निषेध गरिएको छ । मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा पुऱ्याउने कार्य गर्न नहुने पनि निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख छ । आचारसंहिताको इमानदारीपूर्वक पालना र कार्यान्वयनले सजग मतदाता तयार पार्न र निर्वाचनको निष्ठा प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास गरिएको सहायक प्रवक्ता जिसीले बताउनुभयो । संविधानले प्रदान गरेको अधिकारअनुसार निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन, नियन्त्रण, समन्वय तथा सम्पूर्ण व्यवस्थापनका लागि आवश्यक सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको आयोगले जनाएको छ । रासस

होली शुभकामना

रङ्ग, उमङ्ग र आपसी सद्भावको अनुपम पर्व "फागु पूर्णिमा" (होली) को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सजिलो बचत तथा ऋण सहकारी संस्था लि.

कदमचौकदेखि भानुचौक जाने बाटोमा जनकपुरधाम









होली शुभकामना


रङ्ग, उमङ्ग र आपसी सद्भावको अनुपम पर्व "फागु पूर्णिमा" (होली) को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

वैष्णवी बचत तथा ऋण सहकारी संस्था लि.

प्रधान कार्यालय : भानुचौकदेखि रेल्वे स्टेशन जानेबाटोमा जनकपुरधाम
सेवा केन्द्र : विदेह नगरपालिका वडा नं. ६ तिनकौरीया चौक, धनुषा
सेवा केन्द्र : धनुषाधाम नगरपालिका वडा नं. ३ धनुषाधाम, धनुषा
सेवा केन्द्र : हँसपुर नगरपालिका वडा नं. ३ धनुषा







## सम्पादकीय

# होलीको शुभकामना

रङ र अबिरको पर्व होली केवल उत्सव मात्र होइन, हाम्रो समाजको सहिष्णुता, सद्भाव र सहअस्तित्वको जीवन्त अभिव्यक्ति हो । वसन्तको आगमनसँगै प्रकृतिले जस्तै नयाँ रंग ओढ्छ, त्यस्तै हाम्रो समाजले पनि होलीका अवसरमा नयाँ ऊर्जा, नयाँ उत्साह र नयाँ सम्बन्धको पुनर्स्मरण गर्छ ।

होलीले हामीलाई विगतका कटुता बिर्सेर आत्मीयताको हात बढाउन सिकाउँछ । विशेषतः मधेश र मिथिलाञ्चल क्षेत्रमा होलीको सांस्कृतिक महत्व अझ गहिरो छ । जनकपुरधामको ऐतिहासिक(धार्मिक परिवेशमा होली केवल रंग खेल्ने पर्व मात्र होइन, आपसी भेटघाट, मेलमिलाप र सामूहिक एकताको सन्देश बोकेको पर्व हो ।

धार्मिक दृष्टिले हेर्दा होलीको पौराणिक सन्दर्भ प्रह्लाद र होलिकाको कथासँग जोडिएको छ । असत्य र अन्यायमाथि सत्य र श्रद्धाको विजयको प्रतीकका रूपमा यो पर्व मनाइन्छ । त्यही सन्देश आज पनि उत्तिकै सान्दर्भिक छ । समाजमा व्याप्त विभाजन, द्वेष र असहिष्णुतामाथि प्रेम, सहिष्णुता र समझदारीको रङ छ्याप्नु नै होलीको वास्तविक अर्थ हो ।

होलीको अर्को महत्वपूर्ण पक्ष सामाजिक समावेशिता हो । जात, वर्ग, लिङ्ग वा आर्थिक हैसियतका सीमाहरू पार गर्दै सबै एउटै आँगनमा उभिने अवसर हो यो । रंगले सबैलाई एउटै बनाइदिन्छ, यो पर्वले दिने सबैभन्दा सुन्दर सन्देश यही हो ।

तर, उत्सवको उमङ्गसँगै हामीले जिम्मेवारी पनि बिर्सनु हुँदैन । मर्यादित र सुरक्षित ढङ्गले होली मनाउनु आजको आवश्यकता हो । जबरजस्ती र अस्वस्थ गतिविधिले पर्वको गरिमा घटाउँछ । प्राकृतिक र स्वास्थ्यका दृष्टिले सुरक्षित रंगको प्रयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकप्रति संवेदनशील व्यवहार र सामाजिक सद्भाव कायम राख्नु प्रत्येक नागरिकको कर्तव्य हो ।

होलीको अवसरमा हाम्रा पाठक, शुभचिन्तक तथा विज्ञापनदाता वर्गप्रति हार्दिक शुभकामना व्यक्त गर्दछौं । तपाईंहरूको निरन्तर साथ, विश्वास र सहयोगले नै हाम्रो प्रकाशनलाई समाजको आवाज बन्न प्रेरित गरिरहेको छ । होलीजस्तै रंगीन र उत्साहपूर्ण सम्बन्ध हामीबीच सधैं कायम रहोस् भन्ने हाम्रो कामना छ।

# फागुन २१ : दल र मतदाताको अग्निपरीक्षा



सन्तोष पौडेल

फागुन २१ मा हुन गइरहेको प्रतिनिधि सभा निर्वाचन नेपाली राजनीतिका लागि सामान्य आवधिक चुनाव मात्र होइन, दलहरूको एजेन्डा, नेतृत्व र अस्तित्वको अग्निपरीक्षा बनेको छ। विगतका निर्वाचनहरूमा जस्तै यसपटक पनि सत्ता-प्रतिस्पर्धा त छँदैछ, तर मनोदशाको तहमा हेर्दा राजनीतिक परिदृश्य निकै फरक देखिन्छ। अघिल्ला चुनावमा दलहरूले संघीयता, गणतन्त्रको संस्थागतकरण, संविधान कार्यान्वयन, समावेशिता जस्ता मूल राजनीतिक मुद्दालाई केन्द्रमा राख्ने गरेका थिए। तर यसपटक अधिकांश दलहरू स्थानीय तह निर्वाचनको शैलीमा विकास, पूर्वाधार, रोजगारी र सेवा प्रवाहका एजेन्डामा केन्द्रित देखिन्छन्।

यो परिवर्तन आफैँमा अर्थपूर्ण छ। एकातिर राजनीतिक एजेन्डा कमजोर भएको संकेत हो भने अर्कोतिर जनताको प्राथमिकता बदि्लएको यथार्थ पनि हो। विशेषत: 'जेनजी विद्रोह' भनेर व्याख्या गरिएको युवा असन्तुष्टिले दलहरूलाई आफ्नो भाष्य परिवर्तन गर्न बाध्य बनाएको छ। परम्परागत नाराभन्दा परिणाममुखी कार्यक्रम प्रस्तुत गर्नुपर्ने दबाब यसपटक सबै दलले महसुस गरेका छन्।

यस निर्वाचनको सबैभन्दा ठूलो मनोवैज्ञानिक पाटो जेनजी पुस्ताको असन्तुष्टि हो। सामाजिक सञ्जालमार्फत व्यक्त भएको आक्रोश, स्थापित नेतृत्वप्रति अविश्वास र वैकल्पिक राजनीतिक संस्कारको मागले पुराना दलहरूको आत्मविश्वास हल्लाएको छ।

घोषणापत्रहरू नियाल्दा स्पष्ट हुन्छ, त्यहाँ धेरै डर र थोरै आशाको प्रतिविम्ब देखिन्छ। भ्रष्टाचारविरुद्ध कठोर कदम, युवालाई नेतृत्वमा ल्याउने प्रतिबद्धता, पारदर्शिता र डिजिटल शासनका वाचा यी सबै जेनजीलाई सम्बोधन गर्ने प्रयास हुन्। तर यिनमा पुरानो राजनीतिक संस्कारबाट पूर्ण विच्छेद देखिँदैन।

नयाँ भनिएका दलहरू पनि यस मनोदशाबाट मुक्त छैनन्। जेनजी विद्रोहको भावनालाई नारामा प्रयोग गरे पनि प्रत्यक्ष रूपमा विद्रोही युवालाई नेतृत्व तहमा समावेश गर्न नसक्दा ती दलहरू 'हात्तीका देखाउने दाँत' जस्ता देखिएका छन्। संरचना र नेतृत्वको तहमा पुरानै शैली दोहोरिएको छ।

पुराना दलमध्ये जेनजी आन्दोलनका बेला सत्ताको साझेदार दल तथा तत्कालीन प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस विशेष महाधिवेशनपछि नयाँ नेतृत्वमा केन्द्रित देखिएको छ। औपचारिक रूपमा पुस्तान्तरण र संगठन पुनर्संरचनाको सन्देश दिएको कांग्रेसले आफूलाई पुनर्जीवित गर्ने प्रयास गरिरहेको छ।

विशेषगरी सधापति गगन थापाको सक्रियताले कांग्रेसभित्र ऊर्जा थपिएको देखिन्छ। थापाले युवामैत्री छवि निर्माण गर्दै कांग्रेसलाई पुरानो लोकतान्त्रिक विरासत फर्काउने कसरतमा दौडाइरहेका छन्। नीति, सुशासन र संस्थागत सुधारको भाष्यमार्फत कांग्रेसलाई वैचारिक रूपमा पुनर्स्थापित गर्ने प्रयास भइरहेको छ। गुटगत प्रतिस्पर्धा, टिकट वितरणको केही असन्तोष र नेतृत्वको हस्तान्तरणमा अपूर्णता कांग्रेसको चुनौती बनेको छ। जेनजी विद्रोहप्रति सहानुभूति देखाए पनि त्यसलाई पूर्ण रूपमा आत्मसात् गर्ने हिम्मत कांग्रेसले अझै देखाउन सकेको छैन।

जेनजी आन्दोलन अघि सत्ताको नेतृत्व गरेको नेकपा एमाले यसपटक रक्षात्मक मनोदशामा देखिन्छ। निर्वाचनमा अध्यक्ष केपी शर्मा ओलीको दम्भ, घमण्ड र केन्द्रीकृत निर्णय प्रक्रियाले पार्टीलाई आन्तरिक र बाह्य रूपमा चुनौतीमा पारेको छ भन्ने विश्लेषणहरू भइरहेका छन् । उनका आलोचकहरूलाई टिकट नदिनु र आफ्नो गुटलाई मात्रै संरक्षण गर्दा देशैभर पार्टी परित्याग गर्ने क्रम बढिरहेको छ ।

ओलीको निर्वाचन क्षेत्र केन्द्रित प्रचारले राष्ट्रिय अभियानलाई प्रभावित बनाएको देखिन्छ। उनी झापा-५ मा केन्द्रित हुँदा देशव्यापी प्रचार पनि प्रभावकारी बन्न सकेको छैन। "देश बनाउने र देश जलाउने कसलाई भोट दिने?" जस्ता द्वैध नाराभन्दा पर एमालेले सशक्त वैकल्पिक दृष्टि प्रस्तुत गर्न सकेको छैन । तथापि एमालेले राष्ट्रियताको पक्षमा देखाएको विगतको अडानले उसलाई राहत दिएको छ ।

अझ जेनजी विद्रोहलाई पूर्ण अस्वीकार गर्दै त्यसलाई 'अराजक' वा 'देश जलाउने' प्रवृत्ति ठहर्याउँदा युवा मतदाताको समर्थन गुम्ने जोखिम बढेको छ। युवाको आक्रोशलाई सम्बोधन गर्न नसक्नु एमालेका लागि दीर्घकालीन चुनौती बन्न सक्छ।

गणतन्त्र स्थापना अभियानको प्रमुख हिस्सेदारमध्ये एक तत्कालीन माओवादी धाराको निरन्तरतामा बनेको तथा २ दर्जन बढी कम्युनिस्ट घटक र समूह मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी यसपटक तुलनात्मक रूपमा सुदृढ, एकताबद्ध र राजनीतिक एजेन्डासहित मैदानमा उत्रिएको देखिन्छ। अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा पार्टीले राष्ट्रिय स्वाधीनता, संविधान रक्षा र कार्यान्वयन, सुशासन र उत्पादन र उत्पादकत्व वृद्धिमार्फत समृद्धिलाई प्रमुख मुद्दा बनाएको छ।

नेतृत्व पुस्तान्तरणको एजेन्डामा आलोचना भए पनि युवा र सामाजिक क्षेत्रका स्थापित अगुवालाई उम्मेदवार बनाउँदै सकारात्मक सन्देश प्रवाह गर्ने प्रयास उसले गरेको छ । विगतमा गठबन्धनका कारण सीमित क्षेत्रमा मात्रै उम्मेदवारी दिने गरेको यस दलले यसपटक १६४ स्थानमा एकल उम्मेदवारी दिएको कारण मत बढ्ने र राम्रै नतिजा ल्याउने आत्मविश्वाससहित अगाडि बढेको भएतापनि सबै पुराना दल र नेता उस्तै हुन् भन्ने भाष्य चिर्नु उसको लागि चुनौति बनेको छ ।

तथापि उसले विशेषत: जेनजी विद्रोहप्रति शुरूदेखि नै सम्मानजनक धारणा राख्दा युवा मत आकर्षित गर्ने सम्भावना देखिन्छ। उसले राजधानीसहित देशभर प्रभाव विस्तार गर्ने रणनीतिले उसलाई प्रतिस्पर्धामा राहत मिलेको देखिएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आफूलाई नयाँ राजनीतिक विकल्पका रूपमा प्रस्तुत गरेको छ। तर यसअघि संसद र सरकारमा सहभागिता जनाइसकेको तथ्यले 'पूर्ण नयाँ' दाबीमाथि प्रश्न उठेको छ। नेतृत्वमाथि सहकारी ठगीलगायत विभिन्न आरोप, अदालती झमेलाहरू, उम्मेदवार चयनमा पैसाको चलखेलको चर्चा र केही उम्मेदवारमाथि लागेको आपराधिक आरोपले जनस्तरमा आलोचना निम्त्याएको छ।

रास्वपाले सेलिब्रेटी उम्मेदवार र वैकल्पिक छविको प्रयोगमार्फत पार्टीले मतदाता आकर्षित गर्ने प्रयास गरिरहेको छ। दुई तिहाइ बहुमतको आह्वान गर्दै चुनावी दौडमा रहेको रास्वपाको घोषणापत्र हेर्दा स्पष्ट राजनीतिक वैचारिक रूपरेखा भन्दा प्रदेश र जिल्लापिच्छे फरक-फरक विकास योजना प्रस्तुत गरिएको देखिन्छ।

जेनजी मतदातामाझ प्रभाव देखिएको भए पनि ठोस वैचारिक आधार नदेखिँदा दीर्घकालीन स्थायित्वबारे प्रश्न उठिरहेका छन्। कुलमान घिसिङसँगको एकता भंग हुनु र पछिल्लो समयमा केन्द्र र प्रदेश स्तरका कार्यकर्ताले पार्टी छाडिरहनुले विश्वास कायम राख्ने चुनौति पनि उसलाई छ ।

अन्य साना दल र मधेसवादी दलहरू पनि स्पष्ट राजनीतिक एजेन्डा र नेतृत्वको स्पष्ट भिजनसहित प्रस्तुत नहुँदा र नव युवाको आकर्षण नदेखिँदा विगतको विरासत गुम्ने चुनौतिमा छन् । राजतन्त्रको पुनःस्थापना सहितको एजेन्डामा अगाडि आएको राप्रपा अस्तित्व कायम राख्ने दौडमा छ ।

समग्रमा फागुन २१ को प्रतिनिधि सभा चुनाव दलहरूका लागि जीवनमरणको निर्णायक मोड बनेको छ । कांग्रेसका लागि नयाँ नेतृत्वलाई स्थायित्व दिने परीक्षा, एमालेका लागि आत्मालोचना र पुनर्संरचनाको चुनौती, प्रचण्ड नेतृत्वको नेकपाका लागि वैकल्पिक राजनीतिक शक्ति सावित गर्ने अवसर, र रास्वपाका लागि 'नयाँपन' प्रमाणित गर्ने कसौटी बनेको छ।

विसं २०७२ सालमा नयाँ संविधान जारी भएपछि सम्पन्न आवधिक निर्वाचनमा प्रमुख राजनीतिक दलले नै गठबन्धन र तालमेल गर्दै सत्तामा पुगेका थिए । सत्तामा जान सिद्धान्त र विचार नमिल्नेसँग पनि गठबन्धन गरी चुनाव जित्ने वा चुनावलाई आफ्नो पक्षमा बनाउने कार्य यसपटकको निर्वाचनमा नहुने भएको छ । यसले गर्दा दलहरूको वास्तविक हैसियत यस पटकको चुनावमा प्रष्ट देखिनेछ । आम मतदाताले आफूलाई मन परेको दलको उम्मेदवारलाई भोट हाल्न पाउने छन् । विगतमा मतदाताले आफूले रोजेको र खोजेको पार्टी र उम्मेदवारलाई भोट हाल्न नपाउँदा एक किसिमको असन्तुष्टिको अवस्था थियो । मतदाताले आफ्नो विवेकसहित इच्छाएको पार्टीको उम्मेदवारलाई मत दिन पाउने भएसँगै नयाँ उत्साह थपिएको छ । यस पटकको निर्वाचनमा सबै दलको साङ्गठनिक शक्ति र जनविश्वास परीक्षण हुने भएकाले आम मतदाताको विश्वास जित्न निकै मेहनत गर्नुपर्ने अवस्था छ ।

यो चुनावले केवल संसदको अंकगणित मात्र तय गर्ने छैन; यसले नेपाली राजनीतिमा पुस्तान्तरण, वैचारिक स्पष्टता र लोकतान्त्रिक संस्कारको भविष्य पनि निर्धारण गर्नेछ। डर, आशा, आक्रोश र अपेक्षाबीच नेपाली मतदाता अन्तत: कसलाई भरोसा गर्ने भन्ने निर्णयको घडीमा छन्। यतिबेला मतदाताले विवेक गुमाउनु हुँदैन । हत्या र विध्वंस पुन दोहोरिन नदिन र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न यतिबेला एक मत निर्णायक बन्न सक्छ । त्यसैले मतदाताले पनि एकपटक टक्क अडिएर सोच्न र सहि दल र उमेदवारलाई मत दिन अनिवार्य देखिएको छ ।

फागुन २१ त्यस अर्थमा दलहरूको मात्र होइन, मतदाता र समग्र लोकतान्त्रिक यात्राकै पनि अग्निपरीक्षा हो। (रासस)

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# मङ्गलबार ग्रस्तोदितखण्डग्रास चन्द्र ग्रहण



काठमाडौँ, १८ फागुन । फाल्गुन शुक्ल पूर्णिमाका दिन मङ्गलबार बेलुकी ग्रस्तोदितखण्डग्रास ( उदाउँदै ग्रहणले करिब आधा भाग ढाकिने) चन्द्र ग्रहण लाग्ने भएको छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार ग्रहणले मङ्गलबार दिउँसो ३ बजेर ३४ मिनेटमा स्पर्श गर्ने समितिले स्वीकृति दिएको पात्रो (पञ्चाङ्ग)मा उल्लेख गरिएको छ । चन्द्र ग्रहण स्पर्श हुँदा खग्रास भए पनि नेपालमा चन्द्रोदय भएपछि भने खण्डग्रास देखिने समितिका अध्यक्ष प्रा. शम्भुप्रसाद ढकालले राससलाई जानकारी दिनुभयो । बेलुकी ६ बजेर ३ मिनेट जाँदा चन्द्रोदय हुँदा नै ग्रस्तोदितखण्डग्रास भएकै अवस्थामा उदय हुने छ । बेलुकी ७ बजेर २ मिनेटमा चन्द्र ग्रहण सकिन्छ । नेपालबाट करिब एक घण्टा चन्द्र ग्रहण देखिने छ ।

पृथ्वीले सूर्यलाई पूर्णरूपमा छेक्दा पूरा चन्द्रमा ढाकिने अवस्था खग्रास चन्द्र ग्रहण हो । आधा वा केही खण्ड ढाकिने खण्डग्रास चन्द्र ग्रहण हो । पृथ्वी, सूर्य र चन्द्रमा एउटै सूत्रमा पर्दा पृथ्वीको छायाँ चन्द्रमामा पर्नु नै चन्द्र ग्रहण हो । यो ग्रहण यस वर्ष नेपालबाट दोस्रो पटक ग्रहण देखिन लागेको हो । यसअघि गत भदौ २२ गते खग्रास चन्द्र ग्रहण लागेको थियो । चन्द्र ग्रहण पूर्णिमा र सूर्य ग्रहण औँसी तिथिमा लाग्ने गर्छ ।

ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ । ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम मानिन्छ । ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्री, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ ।

सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्र ग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् प्रा तोयराज नेपालले बताउनुभयो । सुतक लागेपछि भोजन गर्नु नहुने धार्मिक विश्वास छ । ग्रहणमा बालबालिका, वृद्धवृद्धा र बिरामीबाहेकलाई शास्त्रीय रूपमा भोजन निषेध गरिएको पनि उहाँले बताउनुभयो ।

मङ्गलबार बिहान ९:०३ बजेपछि बालबालिका, वृद्धवृद्धा र आतुरबाहेकले भोजन गर्नु नहुने शास्त्रीय मान्यता रहेको समितिले स्वीकृति दिएको पात्रोमा उल्लेख छ ।

***विशेष उपकरणबिना नै हेर्न सकिन्छ चन्द्र ग्रहण***

विश्वमा सन् २०२६ मा लाग्ने दुई चन्द्र ग्रहण र दुई सूर्य ग्रहण गरी जम्मा चार ग्रहणमध्ये नेपालबाट भने भोलिको चन्द्र ग्रहण खण्डग्रास चन्द्र ग्रहणका रूपमा देखिने छ । मौसमले साथ दिएका खण्डमा देशका सबै भागबाट उक्त खण्डग्रास चन्द्र ग्रहण प्रष्ट देख्न सकिने खगोलको क्षेत्रमा काम गर्दै आएको नेपाल एस्ट्रोनोमिकल सोसाइटीले जनाएको छ । चन्द्रग्रहण हेर्न कुनै विशेष उपकरणको आवश्यकता पर्दैन ।

मङ्गलबार नेपालमा चन्द्रोदयपछि बेलुकी ०७:०२ बजेसम्म लाग्ने खण्डग्रास चन्द्र ग्रहण मौसमले साथ दिएमा प्रष्ट रूपले हेर्न सकिने छ । सन् २०२६ मा नेपालबाट देख्न सकिने यो एकमात्र ग्रहण भएको नेपाल एस्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिनुभयो । ग्रहण अवलोकन आफ्नो घरको छत, वा खुला चौर वा नजिकैको डाँडा आदिबाट गर्न सकिने छ । चन्द्रोदयसँगै नेपालमा सुरू हुने यो ग्रहण हेर्न नजिकैको उच्च भूगोल उत्तम हुने उहाँले बताउनुभयो ।

पृथ्वीले सूर्यलाई परिक्रमा गरिरहँदा चन्द्रमाले पनि पृथ्वीलाई परिक्रमा गरिरहेको हुन्छ । यस क्रममा पृथ्वी जब सूर्य र चन्द्रमाको बिचमा पर्न जान्छ, तब पृथ्वीको छाँया चन्द्रमामा पर्दछ । चन्द्रमाको आफ्नो प्रकाश नभएका कारण पृथ्वीको उक्त छायाले चन्द्रमा छेकिन्छ, यसलाई नै चन्द्र ग्रहण भनिन्छ । सूर्य, पृथ्वी र चन्द्रमा पूर्णिमा वा औँसीको समयमा एउटै सरल रेखामा पर्नसक्ने भए पनि सबै पूर्णिमा चन्द्र ग्रहण सम्भव हुँदैन किनभने चन्द्रमाको कक्षीय धरातलले पृथ्वीको कक्षीय धरातलमा करिब ५ डिग्रीको कोण बनाएको हुन्छ । यस्तै चन्द्रमाको कक्षले पृथ्वीको कक्षीय धरातललाई दुई विन्दुमा काटेको हुन्छ । यी दुई विन्दुलाई प्राचीन ज्योतिष शास्त्रमा राहु र केतु नाम दिइएको उहाँले बताउनुभयो । रासस

# लेबनानमा भएको इजरायली आक्रमणमा ३१ जनाको मृत्यु, १४९ घाइते

बेरुत, १८ फागुन । लेबनानको राजधानी बेरुतको दक्षिणी उपनगर र दक्षिणका विभिन्न क्षेत्रमा भएको इजरायली हवाई आक्रमणमा ३१ जनाको मृत्यु हुनुका साथै १४९ जना घाइते भएको लेबनानको स्वास्थ्य मन्त्रालयले घोषणा गरेको छ।



विज्ञप्ति जारी गर्दै मन्त्रालयको जनस्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रले बेरुतको दक्षिणी उपनगरमा २० जनाको मृत्यु हुनुका साथै ९१ जना घाइते भएको सोमबार जनाएको छ। यसै गरी दक्षिणी लेबनानमा भएको आक्रमणमा ११ जनाको मृत्यु भएको र ५८ जना घाइते भएको जनाउदै केन्द्रले मृतकको सङ्ख्या बढ्न सक्ने जनाएको छ।

इजरायली आक्रमणहरूले, बेरुतको दक्षिणी उपनगरहरूलाई लक्षित गरेकाले दक्षिणी लेबनानबाट इजरायली संस्थातिर रकेट प्रक्षेपण गरेपछि विस्थापनको ठूलो मात्रामा लहर सुरु भएको जनाइएको छ।

सन् २०२४ नोभेम्बर मा युद्धविराम सम्झौता लागु भए पछि पहिलो पटक इजरायली इकाई तिर रकेट प्रहार गरिएको जनाइएको छ।

सन् २०२४ नोभेम्बर मा, लेबनानमा लागु भएको युद्धविराम सम्झौतामा ६० दिन भित्र दक्षिणी सीमावर्ती गाउँ र सहरहरूबाट इजरायली सेना फिर्ता लिन अनिवार्य गरिएको थियो। त्यसपछि, लेबनानी सरकार फेब्रुअरी १८ सम्म समयसीमा विस्तार गर्न सहमत भयोस यद्यपि, कब्जा सेना पाँच बिन्दुमा तैनाथ छ भने निरन्तर युद्धविरामको उल्लङ्घन जारी छ। रासस/क्यूएनए

# आत्तिनु पर्दैन, पेट्रोलियम आपूर्तिमा समस्या छैन : आयल निगम

दैनिक समाचारदाता

काठमाडौं, १८ फागुन । इरानमाथि अमेरिका र इजरायलले शनिबार संयुक्त रूपमा सैन्य आक्रमण गरेपछि मध्यपूर्वको स्थिति थप तनावपूर्ण बनेको छ ।

इरानले पनि प्रत्याक्रमण थालेसँगै यो द्वन्द्वले विश्वव्यापी पेट्रोलियम आपूर्ति र मूल्यमा गम्भीर असर पार्ने देखिएको छ ।

इरान विश्वका प्रमुख कच्चा तेल उत्पादक राष्ट्रमध्ये एक हो र यसले विशेषगरी चीन, भारत, ओमान र अफगानिस्तान जस्ता देशमा ठूलो परिमाणमा कच्चा तेल निर्यात गर्छ ।

मध्यपूर्वमा उत्पन्न यो नयाँ संकटले विश्वको सबैभन्दा व्यस्त तेल व्यापारिक मार्ग, स्ट्रेट अफ हर्मुजबाट हुने आपूर्तिमा बाधा पुग्न सक्ने चिन्ता बढेको छ । द्वन्द्व सुरुवातसँगै विश्व बजारमा कच्चा तेलको मूल्यमा १३ प्रतिशतसम्म वृद्धि भइसकेको छ ।

नेपाल आफ्नो सम्पूर्ण पेट्रोलियम पदार्थको आपूर्तिका लागि भारतमा निर्भर छ । नेपाल आयल निगमले इन्डियन आयल कर्पोरेसन ( आईओसी) मार्फत प्रशोधित पेट्रोलियम पदार्थ आयात गर्ने गर्छ ।

भारतले आफ्नो आवश्यकताको ठूलो हिस्सा मध्यपूर्वबाट आयात गर्ने भएकाले त्यहाँको आपूर्ति श्रृङ्खलामा आउने कुनै पनि अवरोधले भारतको आयात प्रभावित पार्ने छ ।

भारतबाट नेपाल आउने पेट्रोलियम पदार्थ आपूर्तिमा समेत कमी आउन सक्ने भन्दै यसले मुलुकमा पनि पेट्रोलियम पदार्थ अभाव हुन सक्ने हो कि भन्ने आशंका उपभोक्तामा बढेको छ ।

लगातार बिदा परेकाले अभाव हुने हो कि भनेर हिजो आइतबार बिहानैदेखि काठमाडौं उपत्यकाका पेट्रोल पम्पमा पेट्रोल र डिजेल भर्नेको भिडभाड बढेको छ ।

तर, आयल निगमले भने मध्यपूर्वमा सिर्जित समस्याले नेपालमा पेट्रोलियम पदार्थ आपूर्तिमा तत्काल कुनै पनि समस्या नपर्ने बताएको छ ।

निगम प्रवक्ता मनोज ठाकुरले पेट्रोलियम पदार्थ आपूर्तिमा कुनै समस्या नभएको र उपभोक्ता अनावश्यक आत्तिनुपर्ने अवस्था नरहेको बताए ।

ठाकुरले बजारमा देखिएको लाइन मनोवैज्ञानिक त्रासका कारणमात्र भएको तर्क गरे । 'पेट्रोलियम पदार्थ अभाव हुने हो कि भन्ने उपभोक्तामा देखिएको मनोवैज्ञानिक त्रास मात्रै हो,' प्रवक्ता ठाकुरले अनलाइनखबरसँग भने, 'हाम्रो पाइपलाइन चौबिसै घण्टा चलिरहेको छ र आपूर्ति निरन्तर भइरहेको छ, त्यसैले उपभोक्ता आत्तिनुपर्ने कुनै कारण छैन ।'

मध्यपूर्वमा हालै बढेको तनावले नेपालमा इन्धन आपूर्तिमा असर पर्ने हो कि भन्ने आशंकामा कुनै सत्यता नभएको र आपूर्ति प्रणालीमा तत्काल कुनै प्रभाव नपर्ने उनको दाबी छ ।

प्रवक्ता ठाकुरका अनुसार नेपालले आफ्नो आवश्यकता अनुसार इन्धन माग अग्रिम भारतलाई पठाइसकेको हुन्छ र सोही अनुसार आपूर्ति हुने गर्छ ।

'अन्तर्राष्ट्रिय बजार मूल्य अनुसार भारतसँग १५/१५ दिनमा पेट्रोलियम पदार्थको मूल्य निर्धारण हुन्छ,' उनले भने, 'अहिले १५ दिनको मूल्य निर्धारण भएर आइसकेको छ, सोही कारण तत्काल पेट्रोलियम पदार्थको मूल्य र आपूर्तिमा कुनै समस्या हुँदैन ।'

***नेपालको खपत र आपूर्ति अवस्था***

प्रवक्ता ठाकुरका अनुसार नेपालको कुल वार्षिक पेट्रोलियम खपत भारतको एक दिनको खपत बराबर मात्रै हो । नेपालमा दैनिक करिब २ हजारदेखि २ हजार ५ सय किलोलिटर पेट्रोल र ४ हजार



किलोलिटर डिजेल खपत हुने गरेको छ । 'हाम्रो दैनिक माग अनुसार भारतबाट निरन्तर तेल आइरहेको छ, हाम्रो २४ घण्टामा पाइपलाइनबाट करिब ६ हजारदेखि ७ हजार किलोलिटर तेल आपूर्ति भइरहेको हुन्छ,' उनले थपे ।

आगामी निर्वाचन र त्यससँगै आउने सार्वजनिक बिदाका दिनहरूमा पनि पेट्रोलियम पदार्थ अभाव हुन नदिन निगमले विशेष व्यवस्था गरेको बताएको छ । 'हामीले बिदाका दिनमा पनि थानकोट डिपो खुला राखेका छौं,' उनले भने, उपभोक्तालाई तेल अभाव हुन दिँदैनौं ।'

हालैको बिदाका कारण काठमाडौं उपत्यकामा खपत केही बढेको देखिएको छ । सामान्यतया काठमाडौंमा दैनिक ८ सय किलोलिटर पेट्रोल र ८ सय किलोलिटर डिजेल खपत हुने गरेकोमा हिजो आइतबार बढेर १ हजार ६ सय ५० किलोलिटर पेट्रोल र १ हजार २ सय ५० किलोलिटर डिजेल बिक्री भएको छ । माग बढे पनि सोही अनुसार आपूर्ति भइरहेको निगमले जनाएको छ ।

***जेरी क्यानमा तेल नबेच्न निर्देशन***

आयल निगमले सुरक्षा जोखिम ध्यानमा राख्दै सवारीसाधन बाहेक जेरी क्यान, बोतल र अन्य भाँडामा पेट्रोलियम पदार्थ बिक्री नगर्न सबै डिलरहरूलाई पत्राचार गरिसकेको छ । निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टका अनुसार आसन्न निर्वाचनका बेला समेत पेट्रोलियम पदार्थ आपूर्ति सहज रहने र अनावश्यक सञ्चयले आगलागी जस्ता दुर्घटनाको जोखिम बढाउने भएकाले यस्तो निर्णय लिइएको हो ।

'पेट्रोलियम पदार्थ अतिप्रज्ज्वलनशील पदार्थ हो, यसलाई घरमा जथाभावी भण्डारण गर्दा ठूलो दुर्घटना निम्तिन सक्छ,' उनले भने, 'त्यसैले यस्तो कार्य नगर्न हामीले सबैलाई सचेत गराएका छौं ।'

निगमले सम्भावित आगलागी जोखिम न्यूनीकरण गर्न उपभोक्तालाई आवश्यक परिमाणमा मात्र पेट्रोलियम पदार्थ खरिद गर्न पनि अनुरोध गरेको छ । अनावश्यक सञ्चयले एकातिर बजारमा कृत्रिम अभाव सिर्जना गर्न सक्ने र अर्कातिर भण्डारणमा सानो लापरबाहीले ठूलो दुर्घटना निम्त्याउन सक्ने खतराप्रति निगमले सचेत गराएको छ ।

निगम प्रवक्ता ठाकुरले बजार अनुगमनका लागि दुइटा टोली पनि खटाइएको बताए । उनले उपभोक्तालाई कुनै पनि हल्लाको पछि नलाग्न र अनावश्यक तेल सञ्चय नगर्न आग्रह गरेका छन् ।

# चुनावमा नगद वा जिन्सी वितरण गरे हुनेछ यस्तो कारबाही

दैनिक समाचारदाता

काठमाडौं १८ फागुन । निर्वाचन आयोगका अनुसार चुनाव उपहार, पुरस्कार, इनाम, दानदातव्य दिन पाइँदैन । बकसको रुपमा नगद वा जिन्सी



प्रभावित पार्ने उदेश्यले नगद वा जिन्सी लेनदेन गर्न हुँदैन । यस्तो गर्नेलाई १ वर्ष कैद, ५० हजार जरिवाना वा दुवै सजाय हुन सक्नेछ । उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन अवधिभित्र कुनै मतदातालाई उसको मतदानको अधिकार प्रयोग गर्न वा नगर्नको लागि दबाब दिन हुँदैन ।मतदानको अधिकार प्रयोग गरे वा नगरे बापत दिन, सार्वजनिक भोज आयोजना गर्न पनि पाइँदैन । मतदाताले पनि त्यस्तो प्रयोजनको लागि त्यस्तो नगद वा जिन्सी लिन वा लिन मञ्जुर गर्न हुँदैन । चुनाव प्रभावित पार्ने उदेश्यले आयोजना गरिएको सार्वजनिक भोजमा मतदाता पनि सहभागी हुन हुँदैन ।यस्तो कार्य गरेको पाइएको खण्डमा १ वर्ष कैद, ५० हजार जरिवाना वा दुवै सजाय हुन सक्ने आयोगले जनाएको छ ।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# झापा-५ र सर्लाही-४ मा कडा सुरक्षा व्यवस्था

दैनिक समाचारदाता
काठमाडौं, १८ फागुन । चुनावी ‘हटस्पट’ का रूपमा हेरिएका झापा-५ र सर्लाही-४ मा विशेष सुरक्षा रणनीति अपनाइएको छ। हेभिवेट उम्मेदवारबीचको प्रतिस्पर्धा र प्रमुख दलहरूले प्रधानमन्त्रीका उम्मेदवारका रूपमा अघि सारेका नेताबीचको भिडन्तका कारण यी दुई क्षेत्रमा सुरक्षा चुनौती बढेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

सम्भावित घटनाको विश्लेषणका आधारमा दुवै क्षेत्रमा थप प्रहरी परिचालन गरिएको छ। सूचना संकलनका लागि सादा पोशाकका प्रहरीसमेत परिचालन गरिएको प्रहरीले जनाएको छ। आइतबार प्रहरी प्रधान कार्यालयबाट भर्चुअल माध्यममार्फत प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले मातहतका युनिटलाई उच्च सतर्कता अपनाउन निर्देशन दिएका थिए।



हाल झापा र सर्लाहीमा सादा पोशाकसहित पर्याप्त संख्यामा प्रहरी परिचालन गरी सूचना संकलनलाई तीव्र बनाइएको छ। नेपाल प्रहरीको निर्वाचन सुरक्षा विश्लेषण महाशाखाले संकलित सूचनाबारे महानिरीक्षक कार्कीलाई ‘ब्रिफिङ’ गरेपछि उच्च सतर्कता अपनाउन विशेष निर्देशन दिइएको स्रोतले बताएको छ।

उच्च सुरक्षा जोखिम रहेको निष्कर्षसहित झापामा मात्रै २२ जना सिनियर प्रहरी अधिकृतसहित अन्य दर्जाका ७५५ जना गरी कुल ७७८ जना प्रहरी खटिएका छन्। यसबाहेक निर्वाचन प्रहरी, सशस्त्र प्रहरी बल, सशस्त्र निर्वाचन प्रहरी तथा नेपाली सेनाको टोली पनि परिचालनमा छन्।

त्यस्तै, सर्लाहीमा २५ जना सिनियर प्रहरी अधिकृत, ११९ जना जुनियर प्रहरी अधिकृत र ६४८ जना अन्य दर्जाका प्रहरी गरी कुल ७९२ जना नेपाल प्रहरी खटिएका छन्। यो संख्या नेपाल प्रहरीको मात्रै हो। यसबाहेक अन्य सुरक्षा निकायका टोलीहरू पनि परिचालनमा रहेका छन्।

प्रहरीका अनुसार सम्भावित जोखिम र मौन अवधिमा हुनसक्ने चलखेललाई ध्यानमा राख्दै सुरक्षा संयन्त्रलाई विशेष सतर्कता अपनाउन निर्देशन दिइएको छ। उम्मेदवारसँग सम्बन्धित गतिविधि तथा संवेदनशील सूचनामाथि विशेष निगरानी बढाइएको प्रहरीले जनाएको छ।

# लागुऔषधसहित दुई पक्राउ

सप्तरी, १८ फागुन । सप्तरीको बलानबिहुल गाउँपालिकाबाट प्रहरीले लागुऔषध गाँजासहित दुई जनालाई नियन्त्रणमा लिएको छ ।

गाउँपालिकाको वडा २ स्थित दिगियाबाट आईतबार राति विशेष सूचनाको आधारमा खटिएको संयुक्त प्रहरी टोलीले किशुन देव यादवको निर्माणाधीन तीनतले पक्की घरबाट ५८ किलो लागूऔषध सहित दुई जनालाई नियन्त्रणमा लिएको हो ।

घटनास्थलबाट घरधनी ४५ वर्षीय किशुन देव यादव र घरको दोस्रो तल्लामा सुतिरहेका ४५ वर्षीय सुरेन्द्र यादवलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतम कुमार केसीले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीको कमाण्डमा तथा प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षाका लागि धनुषाबाट खटिएका प्रहरी निरीक्षक खेमप्रसाद नेपालको नेतृत्वमा खटिएको टोलीले यादवको निर्माणाधीन तीनतले पक्की घरमा खानतलासी गरेको थियो ।

सो क्रममा घरको तल्लो तलाबाट सेतो प्लास्टिकका तीन बोरा भित्र राखिएको गाँजाजस्तो देखिने पदार्थ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । पक्राउ परेका दुवै व्यक्ति, बरामद गाँजा तथा घटनासम्बन्धी सामग्री आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको प्रहरीले जनाएको छ ।

# प्रधानमन्त्री कार्कीले देशवासीलाई गरिन् चार अपिल

दैनिक समाचारदाता
काठमाडौं १८ फागुन । प्रधानमन्त्री सुशीला कार्कीले मुलुक विधिको शासन स्थापित गर्दै, संविधानको मार्गमा स्थिरताका साथ अघि बढ्न सफल भएको बताएकी छन् ।

जेनजी आन्दोलनपछिको अवस्थाको यो उपलब्धि सबै नेपाली जनताको संयम र सहकार्यको परिणाम भएको उल्लेख गर्दै उनले सम्मुखमा रहेको निर्वाचनलाई शान्तिपूर्ण, स्वच्छ र ऐतिहासिक बनाउन आह्वान गरेकी छन् ।

सोमबार देशवासीको नाममा सम्बोधन गर्दै उनले विभिन्न चार वटा विषयमा नागरिकहरूलाई अपिल गरेकी छन् ।

***पहिलो :*** निर्वाचनमा सरिक भइदिनुहोस्

देशलाई राजनीतिक स्थायित्व र समृद्धिको मार्गमा अघि बढाउनका लागि सबै मतदाता आगामी निर्वाचनमा सरिक भइदिन प्रधानमन्त्री कार्कीको पहिलो आग्रह छ ।

‘भोट हाल्नु भनेको केवल चुनाव चिन्हमा छाप लगाई कसैलाई जिताएर पठाउनु मात्र होइन । यो त तपाईंले आफ्नो र आफ्नो सन्तानको भविष्य कस्तो बनाउने भनेर लिने निर्णय हो,’ उनले भनेकी छन्, ‘तसर्थ, फागुन २१ गते बिहीबारका दिन अरू काम छाडेरै भए पनि आफ्नो मतदान केन्द्रमा पुगेर मतदान गर्नुहुन म हार्दिक अपिल गर्दछु ।’

***दोस्रो :*** मौन अवधिमा अनुशासनको पूर्ण पालना होस्

निर्वाचनको सँघारमा प्रधानमन्त्री कार्कीले सबैलाई शान्ति र अमनचयन कायम राख्न अनुरोध गरेकी छन् ।

‘शान्ति नै नेपालको असली पहिचान हो । चुनावमा स्वस्थ प्रतिस्पर्धा हुन्छ, फरक विचार हुन्छ, तर हामीबीच मनमुटाव र वैमनस्य हुनुहुँदैन,’ उनले भनेकी छन् ।

चुनावी मैदानमा रहेका सबै राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूलाई उम्मेदवारीका लागि धन्यवाद दिँदै प्रधानमन्त्री कार्कीले भनेकी छन्, ‘तपाईंहरूको सक्रियताले नै हाम्रो लोकतन्त्र जीवित रहने हो ।’

साथै मौन अवधिमा पूर्ण अनुशासन पालना गर्न र त्यसअघिको बाँकी समयमा संयमित ढंगले, एक/अर्कालाई सम्मान गर्दै निर्वाचन प्रचार(प्रसार गर्न म सबै राजनीतिक दल, उम्मेदवार तथा समर्थकहरूलाई उनको आग्रह छ ।

निर्वाचन कार्यमा खटिएका निर्वाचन आयोग, सुरक्षा निकाय र सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिँदै उनले भनेकी छन्, ‘निर्वाचन आयोगले छोटो र कठिन समयमा कार्यतालिका बमोजिम सबै तयारी पूरा गरेको छ । निर्वाचन निष्पक्ष, स्वच्छ र भयरहित रूपमा सम्पन्न गर्न नेपाल सरकार र आयोग पूर्ण प्रतिबद्ध छन् ।’

प्रदेश र स्थानीय सरकारले आफ्नो सीमाभित्र रही निर्वाचन तयारीमा महत्वपूर्ण सहयोग पुर्याएको पनि उनले बताएकी छन् ।

प्रधानकन्त्री कार्कीका अनुसार नेपाल सरकारका चारवटै सुरक्षा संयन्त्रले निर्वाचन सुरक्षामा कुनै कमी हुन नदिन आफ्ना सबै स्रोत-साधन परिचालन गरेका छन् ।

छोटो समयमा नेपालले निर्वाचन व्यवस्थापन गर्न सकेकोमा मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट पनि उत्साहजनक साथ र प्रतिक्रिया प्राप्त गरेको उल्लेख गर्दै उनले भनेकी छन्, ‘निर्वाचन व्यवस्थापनमा वस्तुगत, नगद तथा प्राविधिक सहयोग प्रदान गर्ने मित्रराष्ट्रहरूलाई म धन्यवाद दिन चाहन्छु । साथै, संयुक्त राष्ट्र संघीय निकायहरूबाट प्राप्त सहयोगका लागि पनि आभारी छौँ ।’

***तेस्रो :*** निर्वाचनको रङ र होलीको रङ मिलेर देशमा नयाँ उत्साह छाओस्

प्रधानमन्त्री कार्कीले निर्वाचनकै मुखमा होली अर्थात् फागुपूर्णिमा मनाउँदै गरेको उल्लेख गर्दै उनले शुभकामना दिएकी छन् ।

‘यो रङहरूको पर्वले एकता, सद्भाव र उत्साहको सन्देश दिन्छ । हाम्रो समाजमा रहेको विविधतालाई मजबुत बनाउँछ,’ उनले भनेकी छन्, ‘निर्वाचनको रङ र होलीको रङ मिलेर देशमा नयाँ उत्साह छाओस् ।’

***चौथो :*** विदेशमा रहेका नेपाली कामदारको रक्षा गर्न सरकार कटिबद्ध

प्रधानमन्त्री कार्कीले मध्यपूर्वी क्षेत्रमा युद्धको संकट गहिरिएको र इरान र त्यसवरपरको तनावले चिन्तित बनाएको बताएकी छन् ।

‘विकसित घटनाक्रमलाई नेपाल सरकारले सूक्ष्म रूपमा नियालिरहेको छ । त्यहाँ रहनुभएका हाम्रा नेपाली दाजुभाइ, दिदीबहिनी र युवाहरूको सुरक्षा हाम्रो ठूलो चासोको विषय हो’ उनले भनेकी छन्, ‘त्यस क्षेत्रमा रहेका सबै नेपाली नियोगहरूलाई सुरक्षासहजीकरणमा कुनै कमी हुन नदिन सक्रिय बनाइएको छ र परराष्ट्र मन्त्रालयले सघन अनुगमन गरिरहेको छ।’ सरकार हरदम त्यस क्षेत्रमा रहेका नेपालीहरूको साथमा रहेको उल्लेख गर्दै उनले भनेकी छन्, ‘नेपाली जहाँ रहे पनि प्रत्येक नागरिकको व्यक्तिगत सुरक्षा र हितको रक्षामा यो सरकार कटिबद्ध छ ।’

# सुनचाँदीको मूल्य बढ्यो

दैनिक समाचारदाता
काठमाडौं, १८ फागुन । स्थानीय बजारमा आज सुन र चाँदीको मूल्यमा वृद्धि देखिएको छ ।

आइतबार सुन प्रतितोला तीन लाख २० हजार ५०० मा कारोबार भएकोमा आज बढेर तीन लाख २६ हजार १०० पुगेको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ ।

त्यस्तै, चाँदी आइतबार प्रतितोला पाँच हजार ९८५ मा खरिदबिक्री भएकोमा आज प्रतितोला छ हजार २० मा खरिदबिक्री हुने छ । अन्तरराष्ट्रिय बजारमा आज सुनको मूल्य प्रतिऔंस पाँच हजार ३६२ अमेरिकी डलर हाराहारीमा कारोबार भइरहेको छ ।

होली शुभकामना
रङ्ग, उमङ्ग र आपसी सद्भावको अनुपम पर्व
“फागु पूर्णिमा” (होली) को पावन अवसरमा
स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली
दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक
शुभकामना व्यक्त गर्दछौं ।
गणेश अफसेट प्रेस
रामचौकदेखि मुरली चौक जानेबाटोमा
जनकपुरधाम



होली शुभकामना
रङ्ग, उमङ्ग र आपसी सद्भावको अनुपम पर्व
“फागु पूर्णिमा” (होली) को पावन अवसरमा
स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली
दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक
शुभकामना व्यक्त गर्दछौं ।
आस्था बचत तथा ऋण सहकारी संस्था लि.
जनकपुरधाम



होली शुभकामना
रङ्ग, उमङ्ग र आपसी सद्भावको अनुपम पर्व
“फागु पूर्णिमा” (होली) को पावन अवसरमा
स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली
दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक
शुभकामना व्यक्त गर्दछौं ।
कमलेश मण्डल
कार्यकारी निर्देशक
पिपल प्रमोट सेन्टर
जनकपुरधाम



होली शुभकामना
रङ्ग, उमङ्ग र आपसी सद्भावको अनुपम पर्व
“फागु पूर्णिमा” (होली) को पावन अवसरमा
स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली
दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक
शुभकामना व्यक्त गर्दछौं ।
जनता बचत तथा ऋण सहकारी संस्था लि.
जनकपुरधाम



‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४